नेपाल वायुसेवा

मिति: २०८०/०१/१७

## प्रेस विज्ञप्ति

नेपाल वायुसेवा निगमका अन्तर्राष्ट्रिय स्टेशनमा कार्यरत कार्यालय प्रमुखहरुसँग आ.व. २०७९/८० को बजेटको समीक्षा र आगामी आ.व.२०८०/८१ को योजना तथा कार्यक्रम सम्वन्धी बैठक निगमको प्रधान कार्यालयमा सम्पन्न भयो ।

उक्त कार्यक्रमको समुद्घाटन गर्दै श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यूले नेपाल र नेपाली सम्झेर सम्पूर्ण कर्मचारीहरुलाई निगमको समग्र उत्थानमा अनुशासित, पारदर्शी एवं सकारात्मक ढङ्गले उच्च मनोवल राखेर कार्य गर्न निर्देशन दिनुभयो ।

त्यसैगरी श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रायका सचिव श्री सुरेश अधिकारीज्यूले निगमलाई आर्थिक तथा व्यवसायिक सवलीकरण गर्नु पर्ने र हालै गठन भएको सुझाव समितिले निगमलाई सुधारात्मक बाटोमा लैजान सकारात्मक र व्यवसायिक सुझाव दिने विश्वास व्यक्त गर्नुभयो ।

निगमको व्यवसायिक दृश्टिकोणले महत्वपूर्ण रहने वार्षिक समीक्षा तथा योजना कार्यक्रममा तालुक मन्त्रालयबाट चासो राखी महत्वपूर्ण सुझाव तथा निर्देशन दिइएकोमा कार्यकारी अध्यक्षले आभार प्रकट गर्नुभयो ।

बैठकलाई सम्वोधन गर्दै निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारीले सबै स्टेशन प्रमुखहरुलाई सकारात्मक कार्यशैली अपनाउन, ग्राहक सेवामा ध्यान दिन र व्यवसायिकता अपनाउन निर्देशन दिंदै पुरस्कार एवं दण्ड सजाँयको प्रावधान देखिने गरी लागू हुने कुरा व्यक्त गर्नुभयो ।

विभिन्न मापदण्ड राखी मूल्यांकन गर्दा समीक्षा अवधि आ.व. २०७९/८० को आठ महिनामा सबैभन्दा बढी आम्दानी गरी जापान स्टेशन (स्टेशन प्रमुख श्री तिलक प्रसाद लामिछाने) प्रथम भएको छ । त्यसैगरी, योजना तथा कार्यक्रम प्रस्तुतीकरणमा दोहा स्टेशन प्रमुख श्री ज्ञान बहादुर अर्याल, बैंङ्लोर स्टेशन प्रमुख श्री रिता देवी राई र दुवई स्टेशन प्रमुख श्री अस्मिता सुवेदी क्रमश: प्रथम, द्वितीय र तृतीय भएका छन् ।

विगत चार वर्षदेखि हुन नसकेको यो समीक्षा बैठक कार्यकारी अध्यक्षको विशेष निर्देशन र वाणिज्य विभागका निर्देशकको विशेष पहलमा सम्पन्न भएको हुँदा सबै स्टेशनले प्रत्यक्ष विचार विमर्श राख्ने वातावरण बनेकाले सम्पूर्ण कर्मचारीहरुमा थप उत्साह र मनोवल बढेको छ । कार्यक्रम अन्तरक्रियात्मक भएकोले धेरै प्रभावकारी रहेको थियो ।

(रमेश पौडेल)
प्रवक्ता

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np